# काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड

## कार्य क्षमताको आधारमा बढुवाको लागि प्रकाशित सूचना

(प्रकाशित मिति २०८२/०३/२७)

काठमाण्डौ उपत्यका खानेपानी लिमिटेडको तपसिलमा उल्लेखित रिक्त पदहरू कर्मचारी प्रशासन विनियमावली, २०६४ (दशौं संशोधन) को विनियम २०(१) मा भएको व्यवस्था अनुसार कार्य क्षमताको मूल्याङ्कनको आधार मा बढुवाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले विनियमावलीको विनियम १२क(५) बमोजिम आवश्यक न्यूनतम सेवा अवधि पुगेका सम्बन्धित एक तह मुनिका सम्भाव्य उम्मेदवारहरूले विनियमावलीको विनियम १५(१) अनुसार यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र विनियम २४(२) बमोजिमको ढाँचामा बढुवाको निवेदन फाराम भरी यस कम्पनीको मानवश्रोत विकास शाखामा पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । बढुवाको निवेदन फाराम मानवश्रोत विकास शाखाबाट तोकिएको आवेदन दस्तुर तिरी प्राप्त गर्न सकिनेछ ।

| विज्ञापन नं. | पद | सेवा | समुह | तह | पद संख्या | आवेदन दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १/०८१/०८२ | उप कार्यकारी अधिकृत | प्राविधिक | प्राविधिक | ११ | २ | २५०० |
| २/०८१/०८२ | उप कार्यकारी अधिकृत | प्रशासन | प्रशासन | ११ | १ | २५०० |
| ३/०८१/०८२ | प्रबन्धक | प्राविधिक | प्राविधिक | १० | २ | २५०० |
| ४/०८१/०८२ | प्रबन्धक | प्रशासन | प्रशासन | १० | २ | २५०० |
| ५/०८१/०८२ | उपप्रबन्धक | प्राविधिक | सिभिल | ९ | ६ | २५०० |
| ६/०८१/०८२ | उपप्रबन्धक | प्राविधिक | ईलेक्ट्रो मेकानिकल | ९ | १ | २५०० |
| ७/०८१/०८२ | सहायक प्रबन्धक | प्राविधिक | सिभिल | ८ | २ | २००० |
| ८/०८१/०८२ | सहायक प्रबन्धक | प्रशासन | प्रशासन | ८ | २ | २००० |
| ९/०८१/०८२ | सहायक प्रबन्धक | प्रशासन | लेखा | ८ | २ | २००० |
| १०/०८१/०८२ | इन्जिनियर | प्राविधिक | सिभिल | ७ | २ | २००० |
| ११/०८१/०८२ | लेखा अधिकृत | प्रशासन | लेखा | ७ | २ | २००० |
| १२/०८१/०८२ | सहायक प्रशासन अधिकृत | प्रशासन | प्रशासन | ६ | १ | २००० |
| १३/०८१/०८२ | सहायक लेखा अधिकृत | प्रशासन | लेखा | ६ | २ | २००० |
| १४/०८१/०८२ | सहायक कम्प्यूटर अधिकृत | प्राविधिक | सूचना प्रविधि | ६ | १ | २००० |
| १५/०८१/०८२ | सहायक प्राविधिक अधिकृत | प्राविधिक | सिभिल | ६ | ३ | २००० |
| १६/०८१/०८२ | सुपरभाईजर | प्राविधिक | सिभिल | ५ | ४ | १५०० |
| १७/०८१/०८२ | सुपरभाईजर | प्राविधिक | ईलेक्ट्रो मेकानिकल | ५ | ३ | १५०० |
| १८/०८१/०८२ | वरिष्ठ प्रशासन सहायक | प्रशासन | प्रशासन | ५ | ८ | १५०० |
| १९/०८१/०८२ | वरिष्ठ लेखा सहायक | प्रशासन | लेखा | ५ | ८ | १५०० |
| २०/०८१/०८२ | बरिष्ठ कम्प्युटर अपरेटर | प्राविधिक | सूचना प्रविधि | ५ | १ | १५०० |
| २१/०८१/०८२ | हेभि इक्यूप्मेण्ट ड्राइभर | प्राविधिक | ईलेक्ट्रो मेकानिकल | ५ | १ | १५०० |

पदपूर्ति समिति

काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड

# काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड

त्रिपुरेश्वर, काठमाडौं

## आन्तरिक प्रतियोगिता र खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्ने सम्बन्धी सूचना

(गोरखापत्रमा प्रकाशित मिति २०८२/०३/२७)

यस कम्पनीमा रिक्त रहेका पदहरू मध्ये लोकसेवा आयोगको मिति २०८२/०३/२६ को सहमति अनुसार देहायका पदहरू आन्तरिक र खुला तथा समावेशी प्रतियोगिताद्वारा लोकसेवा आयोगबाट लिखित परीक्षा सञ्चालन गरी स्थायी पदर्पूर्ति गरिने हुँदा कम्पनीको प्रचलित कर्मचारी प्रशासन विनियमावली, २०६४ (संशोधित) मा व्यवस्था भए बमोजिम आन्तरिक प्रतियोगिता र खुला तथा समावेशी प्रतियोगिताको लागि देहायका योग्यता पुगेका नेपाली नागरिकहरूबाट दरखास्त आह्वान गरिएको छ। दरखास्त फाराम कम्पनीको वेबसाईट www.kathmanduwater.org बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ। निर्दिष्ट स्थानमा पासपोर्ट साईजको फोटो टाँस गरी आफूले प्राप्त गरेका शैक्षिक योग्यताको प्रमाणपत्रहरू स्वयं प्रमाणित गरी यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्रमा कम्पनीको मुख्य कार्यालय, त्रिपुरेश्वरस्थित मानवश्रोत विकाश शाखामा बुझाउन सकिने छ। परीक्षा दस्तुर नविल बैंक लिमिटेडको चल्ती खाता नं. ०२०१०१७५०१६१६ मा जम्मा गरी दरखास्त साथ दुई प्रति भौचर संलग्न गर्नु पर्नेछ। दरखास्त दिने अन्तिम मिति पछि ७ दिनसम्ममा दोब्बर दस्तुर तिरी दरखास्त दिन सकिनेछ। दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा कार्यालय खुलेको अर्को दिनसम्म दरखास्त बुझाउन सकिनेछ।

**तपसिल**

| क्र.सं. | बिज्ञापन नं. | बिज्ञापनको किसिम | पद | सेवा | समुह | तह | आवश्यक न्यूनतम योग्यता | माग पद संख्या | परीक्षा दस्तुर रु. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २१/०८१/०८२ | आन्तरिक प्रतियोगिता | उप प्रबन्धक | प्राविधिक | सिभिल | ९ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण भई सम्बन्धित सेवा समुहको तह ८ मा कम्तिमा चार वर्ष काम गरेको अनुभव। | १ | २५०० |
| २ | २२/०८१/०८२ | खुला | उप प्रबन्धक | प्राविधिक | सिभिल | ९ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण भई सम्बन्धित क्षेत्रमा कम्तिमा चार वर्ष काम गरेको अनुभव। | १ | २५०० |
| ३ | २३/०८१/०८२ | आदिवासी जनजाति | सहायक प्रबन्धक | प्राविधिक | सिभिल | ८ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण भई सम्बन्धित क्षेत्रमा कम्तिमा चार वर्ष काम गरेको अनुभव। | १ | २००० |
| ४ | २४/०८१/०८२ | आन्तरिक प्रतियोगिता | सहायक प्रबन्धक | प्रशासन | लेखा | ८ | मान्यता प्राप्त शिक्षण संस्थाबाट वाणिज्य शास्त्र वा व्यापार प्रशासनमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण भई तह ७ मा कम्तिमा चार वर्ष काम गरेको अनुभव। | १ | २००० |
| ५ | २५/०८१/०८२ | आन्तरिक प्रतियोगिता | ईन्जिनियर | प्राविधिक | सिभिल | ७ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा बी.ई वा सो सरह उत्तीर्ण। | १ | २००० |
| ६ | २६/०८१/०८२ | खुला | ईन्जिनियर | प्राविधिक | सिभिल | ७ | | ३ | २००० |
| ७ | २७/०८१/०८२ | महिला | ईन्जिनियर | प्राविधिक | सिभिल | ७ | | २ | २००० |
| ८ | २८/०८१/०८२ | आदिवासी जनजाति | ईन्जिनियर | प्राविधिक | सिभिल | ७ | | १ | २००० |
| ९ | २९/०८१/०८२ | मधेशी | ईन्जिनियर | प्राविधिक | सिभिल | ७ | | १ | २००० |
| १० | ३०/०८१/०८२ | महिला | माईक्रोबायोलोजिष्ट | प्राविधिक | गुणस्तर | ७ | मान्यता प्राप्त शिक्षण संस्थाबाट माइक्रोबायोलोजी मूल विषय लिई स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण। | १ | २००० |
| ११ | ३१/०८१/०८२ | महिला | प्रशासन अधिकृत | प्रशासन | प्रशासन | ७ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै पनि विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण। | १ | २००० |
| १२ | ३२/०८१/०८२ | खुला | लेखा अधिकृत | प्रशासन | लेखा | ७ | मान्यता प्राप्त शिक्षण संस्थाबाट वाणिज्य शास्त्र वा व्यापार प्रशासनमा स्नातक तह वा सो सरह उत्तीर्ण। | १ | २००० |
| १३ | ३३/०८१/०८२ | खुला | सहायक प्रशासन अधिकृत | प्रशासन | प्रशासन | ६ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै पनि विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण। | २ | २००० |
| १४ | ३४/०८१/०८२ | महिला | सहायक प्रशासन अधिकृत | प्रशासन | प्रशासन | ६ | | १ | २००० |
| १५ | ३५/०८१/०८२ | आन्तरिक प्रतियोगिता | सहायक लेखा अधिकृत | प्रशासन | लेखा | ६ | मान्यता प्राप्त शिक्षण संस्थाबाट वाणिज्यशास्त्र वा व्यापार प्रशासनमा स्नातक तह वा सो सरह उत्तीर्ण भई सम्बन्धित सेवा समुहको तह ५ मा कम्तिमा चार वर्ष काम गरेको अनुभव। | १ | २००० |
| १६ | ३६/०८१/०८२ | खुला | सहायक लेखा अधिकृत | प्रशासन | लेखा | ६ | मान्यता प्राप्त शिक्षण संस्थाबाट वाणिज्यशास्त्र वा व्यापार प्रशासनमा स्नातक तह वा सो सरह उत्तीर्ण। | ४ | २००० |
| १७ | ३७/०८१/०८२ | महिला | सहायक लेखा अधिकृत | प्रशासन | लेखा | ६ | | १ | २००० |
| १८ | ३८/०८१/०८२ | आदिवासी जनजाति | सहायक लेखा अधिकृत | प्रशासन | लेखा | ६ | | १ | २००० |
| १९ | ३९/०८१/०८२ | मधेशी | सहायक लेखा अधिकृत | प्रशासन | लेखा | ६ | | १ | २००० |
| २० | ४०/०८१/०८२ | अपाङ्ग | सहायक लेखा अधिकृत | प्रशासन | लेखा | ६ | | १ | २००० |
| २१ | ४१/०८१/०८२ | महिला | सहायक कानून अधिकृत | प्रशासन | कानून | ६ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कानूनमा स्नातक तह वा सो सरह उत्तीर्ण। | १ | २००० |
| २२ | ४२/०८१/०८२ | खुला | ओभरसियर | प्राविधिक | सिभिल | ५ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण। | ४ | १५०० |
| २३ | ४३/०८१/०८२ | महिला | ओभरसियर | प्राविधिक | सिभिल | ५ | | २ | १५०० |
| २४ | ४४/०८१/०८२ | आदिवासी जनजाति | ओभरसियर | प्राविधिक | सिभिल | ५ | | १ | १५०० |
| २५ | ४५/०८१/०८२ | मधेशी | ओभरसियर | प्राविधिक | सिभिल | ५ | | १ | १५०० |
| २६ | ४६/०८१/०८२ | खुला | ओभरसियर | प्राविधिक | ईलेक्ट्रो मेकानिकल | ५ | ईलेक्ट्रिकल वा मेकानिकल इन्जिनियरिङ्ग विषयमा प्रमाणपत्र तह उत्तीर्ण। | २ | १५०० |
| २७ | ४७/०८१/०८२ | महिला | ओभरसियर | प्राविधिक | ईलेक्ट्रो मेकानिकल | ५ | | १ | १५०० |
| २८ | ४८/०८१/०८२ | खुला | ओभरसियर | प्राविधिक | सूचना प्रविधि | ५ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्यूटर इन्जिनियरिङ्ग वा ईलेक्ट्रोनिक्स इन्जिनियरिङ्ग वा ईलेक्ट्रीकल र ईलेक्ट्रोनिक्स इन्जिनियरिङ्ग वा इलेक्ट्रोनिक्स र कम्यूनिकेशन इन्जिनियरिङ्ग विषय लिई कम्तिमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण। | १ | १५०० |
| २९ | ४९/०८१/०८२ | दलित | ओभरसियर | प्राविधिक | सूचना प्रविधि | ५ | | १ | १५०० |
| ३० | ५०/०८१/०८२ | खुला | वरिष्ठ प्रशासन सहायक | प्रशासन | प्रशासन | ५ | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण। | ३ | १५०० |
| ३१ | ५१/०८१/०८२ | महिला | वरिष्ठ प्रशासन सहायक | प्रशासन | प्रशासन | ५ | | १ | १५०० |
| ३२ | ५२/०८१/०८२ | आदिवासी जनजाति | वरिष्ठ प्रशासन सहायक | प्रशासन | प्रशासन | ५ | | १ | १५०० |
| ३३ | ५३/०८१/०८२ | खुला | वरिष्ठ लेखा सहायक | प्रशासन | लेखा | ५ | मान्यता प्राप्त शिक्षण संस्थाबाट वाणिज्य शास्त्रमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण। | ३ | १५०० |
| ३४ | ५४/०८१/०८२ | महिला | वरिष्ठ लेखा सहायक | प्रशासन | लेखा | ५ | | १ | १५०० |
| ३५ | ५५/०८१/०८२ | आदिवासी जनजाति | वरिष्ठ लेखा सहायक | प्रशासन | लेखा | ५ | | १ | १५०० |
| ३६ | ५६/०८१/०८२ | मधेशी | वरिष्ठ लेखा सहायक | प्रशासन | लेखा | ५ | | १ | १५०० |
| ३७ | ५७/०८१/०८२ | मधेशी | वरिष्ट ल्याव टेक्निसियन | प्राविधिक | गुणस्तर | ५ | मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण वा प्रमाणपत्र तह उत्तीर्ण गरी सम्बन्धित विषयमा एक वर्षको कार्य अनुभव प्राप्त वा प्रमाणपत्र तह उत्तीर्ण गरी सम्बन्धित विषयमा कम्तिमा ६ महिनाको तालिम प्राप्त। | १ | १५०० |
| ३८ | ५८/०८१/०८२ | आदिवासी जनजाति | हेभि ईक्यूपमेण्ट ड्राईभर | प्राविधिक | ईलेक्ट्रो मेकानिकल | ५ | मान्यता प्राप्त शिक्षणसंस्थाबाट एस.एल.सि. वा सो सरह उत्तीर्ण गरी हेभि ईक्विपमेन्टको सवारी चालक अनुमति पत्र प्राप्त। | १ | १५०० |

**नोट:**

१. सम्मानित सर्वोच्च अदालतबाट रिट नं. ०७८-WO-०६६० समेतका उत्प्रेषणका निवेदनहरूमा मिति २०७९/१०/२४ मा जारी भएको परमादेशको आदेश बमोजिम समावेशी समुहका सम्बन्धमा आवश्यक कानूनी प्रबन्ध मिलाएपछि कायम हुन आउने कुलपदहरू मध्ये समावेशी समुहमा पर्ने पदको अनुपातको हिसाबबाट आ.व. २०७९/०८० मा समावेश नगरिएबाट वास्तविक रुपमा गुम्न गएका पदहरू समेत समेटी हुन गएको क्षतिको समेत पूर्तिका सम्बन्धमा कानूनमा व्यवस्था भए बमोजिम गरिनेछ।

२. उमेरको हकमा अधिकृत स्तरको सातौं, आठौं र नवौं तह पदको लागि २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको, छैठौं तहको लागि २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र सहायक स्तरको लागि १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ। महिला र अपाङ्गता भएका व्यक्तिको हकमा उक्त मितिसम्ममा ४० वर्ष ननाघेको हुनुपर्नेछ र शैक्षिक योग्यता र अनुभव समेत उक्त अवधिभित्र हासिल गरेको हुनुपर्नेछ।

३. यस कम्पनीको कर्मचारी प्रशासन विनियमावली, २०६४(दशौं संशोधन सहित) विनियम १८ मा व्यवस्था भए अनुसार परीक्षणकाल हुनेछ।

४. तलब स्केल र अन्य सुविधा यस कम्पनीको प्रचलित नियमानुसार हुनेछ।

५. प्रत्येक सेवा, समुह अन्तर्गत खुला र समावेशी प्रतियोगिताका आधारमा लिईने परीक्षाहरू संयुक्त रुपमा एकै पटक एकै सिटिङ्गमा लिइने छ।

६. समावेशी समुहभित्र फाराम भर्ने उम्मेदवारहरूले विज्ञापन अनुसारका प्रत्येक समुहका दरखास्त फारामको पहिलो पाना छुट्टा छुट्टै भर्नु पर्नेछ, तर रोल नम्बर र प्रबेश पत्र भने एउटै मात्र प्रदान गरिनेछ।

७. उम्मेदवारले प्रवेशपत्रमा आफु उम्मेदवार हुने समुहहरूको विवरण निर्धारित ढाँचामा अनिवार्य रुपले खुलाउनु पर्नेछ। अन्यथा परीक्षामा समावेश गराईने छैन।

८. एकभन्दा बढी समुहमा फाराम भर्ने उम्मेदवारले आफुले पेश गर्ने आवश्यक प्रमाणहरू प्रत्येकको एक/एक प्रति मात्र बुझाए पुग्नेछ।

९. दरखास्त पेश गर्ने उम्मेदवारहरूले सूचनामा तोकिए बमोजिमको परीक्षा दस्तुर वापतको रकम तोकिएको म्यादभित्र र म्याद नाघेको ७ दिनसम्ममा दोब्बर परीक्षा दस्तुर रकम नविल बैंकमा रहेको चल्ती खाता नं. ०२०१०१७५०१६१६ मा जम्मा गरेको सक्कल भौचर दुई प्रति सहित दरखास्तसाथ पेश गर्नुपर्नेछ। समावेशी तर्फको आवेदन भर्ने उम्मेदवारहरूले प्रत्येक समावेशी समुहमा परीक्षा दस्तुरको ५० प्रतिशत थप रकम बुझाउनु पर्नेछ।

१०. परीक्षा सम्बन्धी कार्यक्रम पछि प्रकाशित गरिनेछ।

११. कार्य गर्नुपर्ने क्षेत्र : काठमाण्डौ उपत्यका खानेपानी लिमिटेडको कार्य क्षेत्रभित्र।

१२. समावेशी तर्फका उम्मेदवारहरूले पेश गर्नुपर्ने थप कागजातहरू:

   क. आदिवासी/जनजातिको हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएका जातिको सूचीको आधारमा दरखास्त स्वीकृत हुनेछ। तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

   ख. दलितको हकमा नेपाल दलित आयोगबाट सूचीकृत भएका जातिको सूचीको आधारमा दरखास्त स्वीकृत हुनेछ। राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

   ग. मधेशीको हकमा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकेबमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको प्रमाणको आधारमा दरखास्त स्वीकृत हुनेछ। तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानिय निकायको प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नुपर्नेछ।

   घ. अपाङ्गको हकमा अपाङ्गता परिचयपत्र पेश गर्नुपर्नेछ।

१३. थप जानकारी आवश्यक भएमा कम्पनीको मुख्य कार्यालय मानव श्रोत विकाश शाखामा सर्म्पक राख्न सकिनेछ।

१४. हेभि इक्यूपमेन्ट ड्राइभरको हकमा क्रेन चलाउने सवारी साधन अनुमतिपत्र अनिवार्य हुनु पर्नेछ।

१५. दरखास्त स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कम्पनीमा सुरक्षित हुनेछ।

१६. दरखास्त दिने उम्मेदवारहरूले दरखास्त फारामको प्रवेश पत्र खण्डमा आफ्नो नागरिकता प्रमाणपत्र नं. र नागरिकता जारी भएको जिल्ला अनिवार्य रुपमा हस्तलिखित गरी उल्लेख गर्नुपर्नेछ।

१७. सबै पदहरूको लिखित परीक्षा लोकसेवा आयोगबाट संचालन हुनेछ।

काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड
पदपूर्ति समिति